कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, उदयपुर

कोशी प्रदेश, नेपाल

पत्र संख्या :२०८३/८४
चलानी नं.

मितिः २०८३/०६/१२

## आवेदन पेश गर्ने सम्बन्धी सूचना

कृषि ज्ञान केन्द्र, उदयपुरको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८" बमोजिमका शर्तहरु पालना गरी तपसिलका कार्यक्रम सञ्चालन गर्न इच्छुक उदयपुर जिल्ला भित्रका कृषक/कृषि फर्म/कृषि कम्पनी/कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८३/०६/२६ गतेभित्र) तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका कागजातहरूका साथ यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, रित नपुगेका र म्याद नाघी आएका आवेदनहरु दर्ता गरिने छैन । आवेदनका लागि आवश्यक कागजात र फारमहरु कृषि ज्ञान केन्द्र, उदयपुरको आधिकारिक वेबसाइट https://udayapur.akc.gov.np/बाट डाउनलोड गर्न सकिनेछ ।

**तपसिलः**

| क.स. | कार्यक्रमको नाम | बजेट (रु लाखमा) | साझेदारी प्रतिशत (%) | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारले ध्यान दिनुपर्ने कुराहरू |
|---|---|---|---|---|
| **प्रदेश कृषि विकास कार्यक्रम** | | | | |
| १. | पदमार्ग प्रभाव क्षेत्रमा रैथाने बालि संरक्षणका लागि सामुदायिक बिउ बैंक संचालन कार्यक्रम | २.५५ | अधिकतम ८५% | • पदमार्गको प्रभाव क्षेत्र भित्रका कृषक समुह/ कृषि सहकारी रैथाने/ स्थानिय वालीहरु तथा जातको खेती गरिरहेको। |
| २. | धान, मकै, गहुँ लगायतका बाली रोप्ने/गोड्ने/मेशिनरी तथा अट्याचमेन्ट खरिद ५० प्रतिशत अनुदान | ८ | अधिकतम ५०% | • कार्यक्रममा सहभागी हुनका लागि कृषक समुह/ कृषि सहकारीले तराईका न्युनतम १० कट्ठा र पहाडका लागि ५ रोपनी हुनुपर्नेछ । <br>• सेटमा यन्त्र उपकरण तथा अट्याचमेन्ट माग गर्ने र कस्टम हायरिङ सेन्टर स्थापना गरी मेशिनरी सेवा प्रवाह गर्ने |

फोन नं.: ०३५-४२२१३०/४२२२६३
ईमेल: akcudaypur@gmail.com
वेभसाइट: udayapur.akc.gov.np

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, उदयपुर
कोशी प्रदेश, नेपाल

पत्र संख्या :२०८३/८४
चलानी नं.

| क.स. | कार्यक्रमको नाम | बजेट (रु लाखमा) | साझेदारी प्रतिशत (%) | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारले ध्यान दिनुपर्ने कुराहरू |
|---|---|---|---|---|
| | | | | निवेदकलाई विशेष प्राथमिकता दिईनेछ । |
| ३. | व्यवसायिक तरकारी उत्पादक किसानलाई यन्त्र उपकरण र मल्चिङ खरिद सहयोग कार्यक्रम | ४ | अधिकतम ५०% | • कार्यक्रममा सहभागी हुन कृषक समुह/ कृषि सहकारीले तराईमा न्युनतम १० कट्ठा र पहाडमा ५ रोपनी क्षेत्रफलमा तरकारी खेती गरेको हुनुपर्नेछ ।<br>• कार्यक्रम अन्तरगत मिनी टिलर/पावर टिलर/प्लाष्टिक मल्च/रिज/बन्ड मेकर/स्प्रेयर आदि उपलब्ध गराउन सकिनेछ । |
| ४. | बीउ उत्पादक समूह सहकारीलाई बीउ प्रशोधन यन्त्र उपकरणमा खरिदमा ५० प्रतिशत अनुदान सहयोग | १० | अधिकतम ५०% | • कार्यक्रममा सहभागी हुन कृषक,कृषक समुह/ कृषि सहकारीले इजाजत प्राप्त बिउ उत्पादकले न्युनतम ३ हे. क्षेत्रफलमा बिउ उत्पादन गरि रहेको हुनु पर्नेछ ।<br>• प्रचलित कानुन बमोजिम बिउ उत्पादक वा प्रशोधन कारोबारको अनुमति लिएको हुनु पर्नेछ । |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

- तोकिएको ढाँचा बमोजिमको आवेदन र प्रस्तावना ।
- संस्थागत (समूह, सहकारी, फर्म, समिति आदि) ले प्रति आवेदन रु २००/- भने व्यक्तिगत कृषकको हकमा प्रति आवेदन रु १००/- राष्ट्रिय बाणिज्य बैंकको खाता नं. १०००१००२०१०१०००१, राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड ३१२०१११०११ मा आवेदन दस्तुर वापत जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
- सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी/निजी उद्यमी/कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि साथै सूचना प्रकाशन हुनु भन्दा पहिले दर्ता भएको हुनु पर्ने ।
- समूह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कृषि सहकारी/निजी उद्यमी/कम्पनीको हकमा गत आ.व. २०८२/८३ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।
- सम्बन्धित स्थानीय तहको कृषि विकास शाखाको सिफारिस ।

फोन नं.: ०३५-४२२१३०/४२२२६३
ईमेल: akcudaypur@gmail.com
वेबसाइट: udayapur.akc.gov.np

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, उदयपुर

कोशी प्रदेश, नेपाल

पत्र संख्या :२०८३/८४
चलानी नं.

- कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा जमिन) को स्वामित्व खुल्ने जग्गाधनीपुर्जा र जग्गाधनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी पत्र वा भाडाको जग्गामा खेती भएमा १० वर्षको कानुन बमोजिमको सम्झौतानामा ।
- निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
- संस्थाको हकमा कार्यक्रम माग गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि साथै निवेदन पेश गर्ने व्यक्तिलाई अख्तियारी दिएको निर्णय ।
- आवेदकले दोहोरो पर्ने गरी अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र र विगत ३ आर्थिक वर्षमा विभिन्न निकाय/कार्यालयहरु र अन्य आयोजनाबाट रु पाँच लाख वा सो भन्दा बढी अनुदान नलिएको हुनुपर्ने ।
- प्राविधिक ज्ञान तथा अनुभव भएमा त्यसको प्रमाणपत्रको प्रतिलिपि ।
- कार्यक्रम अनुसार माग गरिएका आवश्यक कागजातहरु पुर्ण नभएमा "कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८" बमोजिम प्रस्ताव स्वतः रद्द हुनेछ ।

नोटः माथि उल्लेखित कार्यक्रमहरुमा प्रस्तावना पेश गर्नका लागि आवश्यक पर्ने प्रस्तावनाको ढाँचा र सम्बन्धित कार्यक्रम सञ्चालन सम्बन्धी कृषि प्रसार कार्यक्रम नर्मस र मापदण्ड कृषि ज्ञान केन्द्र, उदयपुरको वेबसाइट बाट प्राप्त गर्न सक्नुहुनेछ साथै, कार्यक्रम बारे थप जानकारीका लागि कार्यालयको सम्पर्क नं ०३५-४२२१३०/९८५२८३५०६७/९८५२८२९१३० मा सम्पर्क गर्नु सक्नुहुनेछ ।

**फोन नं.: ०३५-४२२१३० ईमेल:akcudayapur@gmail.com**
**वेबसाईट: https://udayapur.akc.gov.np**

योगेन्द्र प्रसाद यादव
प्रमुख

फोन नं.: ०३५-४२२१३०/४२२२६३
ईमेल: akcudaypur@gmail.com
वेभसाइट: udayapur.akc.gov.np